राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरीया , देउखुरी,दाङ लुम्बिनी प्रदेश नेपाल

पत्र संख्याःचलानी नम्बरः

**प्रथमपटक प्रकाशित मिति २०८३/०४/१८**

**बिषयः कवाडी कर सिलबन्दी दरभाउपत्र नं. (RAPTI/REV/01/083/084) तथा बिज्ञापन कर सिलबन्दी दरभाउपत्र नं. (RAPTI/REV/02/083/084) असुलीका लागि दरभाउपत्र आव्हान सम्वन्धि सूचना।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राप्ती गाउँपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम निर्धारण गरिएको विज्ञापन कर तथा कवाडी कर आर्थिक बर्ष २०८३/०८४ मा यस कार्यालयवाट उठाउने कार्य ठेक्काका माध्यमबाट गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था वा फर्मवाट तपशिलको शर्तहरुको अधिनमा रहि दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१.दरभाउपत्र सम्वन्धी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८३ साउन २५ गते ११ बजे) भित्र कार्यालयवाट रु १०००/- (फिर्ता नहुने गरी)तिरी खरिद गर्न सकिनेछ । सो को लागि संस्था दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र मु. अ. कर दर्ता प्रमागपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । दरभाउपत्र उक्त दिन १२ बजे भित्र दर्ता गरिसक्नुपर्नेछ भने सोहीदिन दिनकोर बजे खोलिनेछ ।

२ कवाडी कर ठेक्काको न्यूनतम अंक (मु.अ.कर तथा अग्रीम आयकर बाहेक) रु ७,५०,०००/- अक्षरमा सात लाख पचास हजार कायम गरिएकोछ भने विज्ञापन करको न्यूनतम अंक (मु.अ.कर तथा अग्रीम आयकर बाहेक) रु ३६९०५०/- अक्षरमा तीनलाख उन्सत्तर हजार पचास कायम गरिएको छ।

३ कवोल अंकबराबरको रकम संझौताका बखत एकमुष्ट रुपमा बुझाउनुपर्नेछ ।

४.आफुले कवोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको धरौटी खाता नं ३४००४०१००००००४ ग्लोबल आईएमई बैंकमा नगदै जम्मा गरी सो को सक्कल भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

५.ठेक्का २०८४ असार मसान्त सम्मका लागि हुनेछ ।

६.महामारी बन्द हडताल वा अन्य कुनै प्रकारको अवरोध उत्पन्न भएमा कार्यालयले ठेक्का रकममा कुनै प्रकारको छुट दिने वा क्षतिपूर्ति दिने छैन ।

७..प्रचलित कानूनले निषेध गरेका बस्तुहरुमा कर असुली गर्न पाईने छैन ।

८.यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

९.करका दरहरु आर्थिक ऐन,२०८३ ले तोके बमोजिम हुनेछ ।